


राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY

**सूचना**

गणतन्त्रको उपलब्धि संस्थागत गरौँ
'समृद्ध नेपाल, सुखी नेपाली'को
लक्ष्य साकार पारौँ

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

वर्ष-१२ । । अङ्क : १३५ ॥ २०७७ भाद्र २२ गते सोमबार (7th Sep. 2020,Monday) **Pratidin** National Daily मूल्य-रु.५/-

# बीएण्डसी र प्रभु बैंकका कर्मचारी संक्रमित



***बिर्तामोड (प्रस) ।*** अन्य ठाउँको तुलनामा कम संक्रमित देखिएको झापाको बिर्तामोडमा एकैदिन १५ जनामा कोरोना संक्रमण देखिएको छ । बढी भीडभाड हुने क्षेत्र बिर्तामोडको हस्पिटल र बैंकमा संक्रमण देखिएको हो । बिर्तामोडस्थित बीएण्डसी हस्पिटलमा एक चिकित्सक र ११ स्वास्थ्यकर्मीसहित १२ जनामा संक्रमण देखियो भने बिर्तामोडकै प्रभु बैंकका मेनेजरसहित उनको परिवारका तीन जना संक्रमित भए । बीएण्डसी हस्पिटलमा संक्रमित हुनेहरुमा ११ महिला र एक पुरुष रहेको हस्पिटलका जनसम्पर्क अधिकारी प्रमिश गिरीले बताए ।

उनले आइसोलेसन र क्वारेन्टाइनमा बसेकाहरुमा संक्रमण देखिएको जनाए । संक्रमित स्वास्थ्यकर्मीहरु बिर्तामोड ३,५ ,६ र ९ नं वडाका रहेका छन् । दुई जना भने कन्काई ३ र अर्जुनधारा ९ का भएको बताइएको छ । संक्रमितहरु २३ देखि ४७ वर्षसम्मका रहेका छन् । त्यस्तै बिर्तामोड १० विराटपोखर घर भई प्रभु बैंक बिर्तामोडको व्यवस्थापक रहेका ब्यक्तिको परिवारका तीन जनामा कोरोना संक्रमण पुष्टि भएको छ । बैंकका व्यवस्थापक , उनकी श्रीमती र ९ वर्षकी छोरीलाई संक्रमण पुष्टि भएको बिर्तामोड १० का वडाध्यक्ष दुर्योधन गुरुङले बताए । त्यस्तै मेचीनगर नगरपालिकामा आइतबार एकजना चिकित्सकसहित ५ जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएको छ । संक्रमितहरु नगरपालिकाको ६ र ७ नम्बर वडाका बासिन्दा हुन् । संक्रमण पुष्टि हुनेमध्ये दुईजना सुरक्षाकर्मी रहेको नगरपालिकाको स्वास्थ्य शाखाले जनाएको छ । शाखा संयोजक शशीकला राईका अनुसार मेचीनगर ६ काँकरभिट्टाकी २३ वर्षीया एक महिला छन् । उनी पेशाले चिकित्सक रहेको बताईएको छ । उनी बिर्तामोडस्थित बीएण्डसी अस्पतालमा कार्यरत छिन् । यसअघि मेचीनगर १० धुलावारीमा रहेको आम्दा मेची अस्पतालमा कार्यरत एक चिकित्सकमा कोरोना पुष्टि भएको थियो । उनी निको भएर काम फर्केको शाखाले जनाएको छ । यसैगरी १८ वर्षीया एकमहिला, ३४ वर्षीय, ३८ वर्षीय र २५ वर्षका पुरुष रहेका छन् । ३४ वर्षीय र ३८ वर्षीय पुरुष सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोस्ट काँकरभिट्टामा कार्यरत सशस्त्र प्रहरी हुन् भने वडा नम्बर ७ का २५ वर्षका पुरुष होम क्वारेन्टाइनमा रहेका थिए । यसअघि सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोस्ट काँकरभिट्टामा कार्यरत ३२ जना सशस्त्र प्रहरीमा कोरोना पुष्टि भएपनि सवै निको भएर काममा फर्किएका छन् ।

त्यस्तै कमल गाउँपालिकामा ३ महिला र ८ पुरुष गरी ११ जना स्थानीयमा संक्रमण देखिएको छ । संक्रमितहरु सबै कमल ३ का रहेका छन् । आइतबार जिल्लाका ३२ जनामा संक्रमण पुष्टि भएको हो । योसँगै झापा संक्रमितको सँख्या ६७६ पुगेको छ । त्यसमध्ये ४८१ जना निको भएर घर फर्किएको जिल्ला स्वास्थ्य कार्यालय झापाका फोकल पर्सन जीवन चौलागाईले बताए ।

## कोरोनाबाट मृत्यु भएकी महिलाको शव व्यवस्थापन

***कन्काई (प्रस) ।*** वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानको कोभिड अस्पतालमा कोरोना संक्रमणबाट मृत्यु भएकी कनकाई नगरपालिकाकी महिलाको शव व्यवस्थापन गरिएको छ । कनकाई सामुदायिक वनमा शवको व्यवस्थापन गरिएको हो । जसको व्यवस्थापन नेपाली सेनाको श्रीनाथ गण चारआलीलाई दिइएको थियो । कन्काई नगरपालिका ३ सुरुङ्गाकी ४५ बर्षीया संक्रमित महिलाको मृत्यु भएको हो । प्रतिष्ठानका प्रवक्ता डा. निदेश सापकोटाका अनुसार आइतबार बिहान १० बजेर ४५ मिनेटमा उनको मृत्यु भएको हो । पहिला अन्जली हस्पिटल बिर्तामोड आएकी र त्यसपछि मेची अस्पताल जाँदा त्यहाँबाट रेफर भई उनी भदौ १८ गते प्रतिष्ठानमा भर्ना भएकी थिइन् । सोही दिन पिसिआर परिक्षण गर्दा रिपोर्ट पोजेटिभ आएको प्रतिष्ठानले जनाएको छ ।

मृतकलाई ७ दिनदेखि कब्जियत, कमजोरी भएको र विगत २ दिनदेखि ज्वरो, श्वासप्रश्वासमा कठिनाइ भएको साथै परिक्षण गर्दा निमोनिया पनि देखिएको प्रवक्ता डा.सापकोटाले जानकारी दिए । प्रतिष्ठानमा आइपुग्दा अवस्था गम्भीर भएर भेन्टिलेटरमा राखेर उपचार गरिएको पनि प्रवक्ता डा.सापकोटाले बताए । उनलाई मधुमेहको दीर्घ रोग भएको पनि प्रतिष्ठानले जनाएको छ । मृतक महिलाका श्रीमान् कोरियामा र घरमा सानो छोरा रहेको कनकाई नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रुद्र न्यौपानेले बताए ।

# भारू बेच्न तानातान , प्रहरी रमिते




***भद्रपुर (प्रस) ।*** झापामा समुदायस्तरमा कोभिड १९ संक्रमण सुरू भएयता महामारी नियन्त्रणका लागि सरकारका विभिन्न तहले प्रहरी प्रशासनलाई जिम्मेवारी दिएका छन् । तर, भारतबाट नेपाल आउने पहिलो प्रवेशद्वार काँकडभिट्टा नाकामा सहज आवागमन तथा चौकचौकमा प्रहरीकै सामु खुलेआम भारू तथा नेरूको सटही हुने गरेको पाइएको छ ।

नेपाल प्रहरीकै अगाडि दर्जनभन्दा बढी महिला र केही पुरुष सडकमा नै बसेर नेपालबाट भारत जाने भारतीय नागरिक र विशेष कामले पानीटयांकी चेकपोष्टसम्म जाने नेपालीहरूलाई तानातान गरेर रकम साट्ने गरेको पाइएको हो । कानुनअनुसार सडकमा बसेर विनाइजाजत विदेशी मुद्रा खरिद गर्ने काम अबैध भएपनि प्रहरी प्रशासनले कारवाही गर्न नसकेको दृश्यले देखाउँछ ।

नेपालतर्फबाट निर्माणाधीन मेची पुल जोड्ने ६ लेन सडकको छेउमा पुगेका जोसुकै नागरिकलाई भारू नेरू कारोवारीहरूले घेरा हालेर खरिद बिक्री गर्दै आएका छन् । नियमविपरित यस्तो कारोवार गर्ने कारोवारीको गतिविधि प्रत्यक्षरूपमा प्रहरीले देखेपनि कुनै अवरोध गर्ने गरेको पाइन्न ।

नेपालमै रहेका भारतीय तथा भारतमा काम गर्ने नेपालीहरू पानीट्यांकी नाकाबाट भारत प्रवेश गर्ने गरेका छन् । नेपाली कामदारले भारत जाँदा पीसीआर जाँचको रिपोर्ट नेगेटिभ आएपछि नेपालका विभिन्न स्थानबाट काँकडभिट्टा नाकाको प्रयोग गरी भारत जान पाउने व्यवस्था रहेको भएपनि भारतीयको सवालमा उनीहरूको देशको परिचयपत्र भए भारत जान पाउने व्यवस्था छ । यस्ता व्यक्तिहरूले भारतीय रुपैयाँ लिने गरेका छन् । सो स्थानमा सामान्य स्वास्थ्य मापदण्डसमेत नअपनाइ पैसाको कारोवार गर्ने गरेको पाइएको छ । स्वास्थ्य सावधानी बिर्सिएर कारोवारीहरू रकमको लेनदेनमा मात्र व्यस्त देखिने गरेका छन् ।

दैनिक सयभन्दा बढी मानिसको आवतजावत हुने गरेको चेकजाँचमा मेची पुलमा खटिएका असइ यादव सुवेदीले बताए । औषधि लिन मेची पुलबाट भारतीय चेकपोष्टसम्म जाने र भारतबाट सामान भारतको पोष्टसम्म आउने गरेकोले कुनै पनि एउटै व्यक्ति वारपार गर्न नपाइने सुवेदीको भनाइ छ ।विशेषगरी नेपालीका लागि औषधि खरिद गर्न भारू रकम चाहिने भएकोले भीडभाड बढेको ट्राभल्स संघ झापाका अध्यक्ष निरबहादुर कार्कीले बताए । नियमविपरीत भएपनि व्यवहारिकतामा यस्तो काम हुँदै आएको उनले जनाए ।

वर्षौंदेखि झोले व्यापारीका कारण सटही काउण्टर मारमा परेको व्यवसायी तथा सटही काउण्टर व्यवसायी संघका पूर्व अध्यक्ष मनोज पौडेलले बताए । प्रहरी प्रशासन, स्थानीय तह, वाणिज्य संघ, नेपाल बैङ्क लगायत निकायलाई पटक-पटक जानकारी गराउँदा समेत नियन्त्रण नभएको उनको भनाइ छ । सडकमा नै रकम साट्ने भएपछि काउण्टरमा ग्राहक नआएको उनले बताए । वर्षौंदेखिको यो धन्दा लकडाउनको समयमा झनै बढेर गएको उनले बताए । गाडी रोकिएको स्थानमा नै रकम साट्न पाएपछि ग्राहक काउण्टरसम्म नआएको उनको भनाइ छ ।

कानूनविपरीत भएपनि झोलामा बोकेर रकम साट्नु कुन अपराध अन्तर्गतको कसुर गरेको भन्ने यकिन नभएको बताउँदै इलाका प्रहरी कार्यालय काँकडभिट्टाका डिएसपी राजेन्द्र पोखरेल अबैध काम रोक्ने बताउँछन् । सडकमा रहेका त्यस्ता गतिविधि हुन नदिन तत्काल प्रहरी खटाएर कार्यालयमा उपस्थित गराई कारोवारीलाई क्वारेन्टिन पठाउने डिएसपी पोखरेलको आश्वासन छ । नेपालको प्रचलित कानुनअनुसार इजाजतविना भारतीय रूपैया खरिद बिक्री गर्नु कानुन विपरितको काम भएपनि सरकारी संयन्त्रले नियन्त्रण गर्न नसकेको स्थानीयको भनाइ छ ।

# गौचरनको जग्गा धार्मिक संस्थालाई नदिने



***इलाम (प्रस) ।*** स्थानीय आन्दोलित भएपछि इलाम माई नगरपालिकाको गौचरनको जग्गा धार्मिक संस्थालाई दान नदिइने भएको छ ।

माई नगरपालिकामा रहेको पाँच सय रोपनीभन्दा बढीको गौचरनको जग्गा एउटा धार्मिक संस्थालाई दान दिन खोजिएको थियो । माई नगरपालिका वडा नं ६ मा रहेको गौचरनको जग्गा किरात धर्मसँग सम्बन्धित माङ्सेबुङ गाउँपालिकामा रहेको आत्म पवित्र अर्गानिक कृषि फार्मलाई दान दिन योजना तुहिएको हो । माइ नगरपालिका कार्यालयको सहमतिमा सो गौचरनको जग्गा विश्व मानव समाजले भोग गर्न पाउने गरी गुरु भण्डारण समाजको आत्म पवित्र अर्गानिक कृषि फार्मलाई दान दिने खुलासा भएपछि स्थानीय आन्दोलित भएका थिए । वर्षौंदेखि गौचरन र खोलाको रुपमा रहेको जग्गा अर्को गाउँपालिकाको धार्मिक संस्थालाई दान दिन नमिल्दै भन्दै माई ६ का २८४ जनाले नगरपालिकाको न्यायिक समितिमा उजुरी दिएका थिए ।

वर्षौंदेखिको गौचरण कसैलाई दान नदिई गौचरनकै रुपमा रहन दिनु पर्छ भन्दै स्थानीय आन्दोलित भएपछि नगरपालिका त्यस निर्णयबाट पछि हटेको स्थानीय बुद्धराज लिम्बूले बताए । उनले सयौं स्थानीयको अगाडि नगर प्रमुख , उप प्रमुख लगायतले गौचरन नै रहन दिने आश्वासन दिएपनि भित्री रुपमा फेरि षडयन्त्र गर्न सक्ने भन्दै आफूहरु कुनै पनि हालतमा त्यस जग्गालाई दान दिनबाट रोक्ने चेतावनी दिए ।

त्यस विषयमा नगर प्रमुख दीपक कुमार थेबेले स्थानीयको भावनाविपरित नगरपालिका नजाने बताए । दान दिने सुनेर आन्दोलित भएका स्थानीयलाई आफूले चित्तबुझ्दो जवाफ दिएर संझाइबुझाइ पठाएको उनले जानकारी दिए । गौचरनको जग्गा धार्मिक संस्थालाई दान दिन खोजेको विषयमा प्रतिदिन दैनिकले गत साता समाचार प्रकाशित गरेको थियो ।

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**

**बिर्तामोड , झापा**

( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।

# मल नल्याउने दुई ठेकेदार कम्पनीमाथि कार्वाही




*झापा (प्रस)।* सरकारसँग भएको सम्झौताअनुसार समयमा मल नल्याउने दुई ठेकेदार कम्पनीको धरौटी जफत भएको छ। चरम अभावको समयमा समेत मल नल्याएको भन्दै कृषि मन्त्रालयले २ मल ठेकेदार कम्पनीको धरौटी जफत गरेको हो। कृषि सामाग्री कम्पनी लिमिटेडले गत पुसमा वर्षायामको मल आपूर्तिका लागि ठेक्का पाएको शारदाप्रसाद अधिकारीको सैलुङ इन्टरप्राइजेज ललितपुर र होमनाथ कोइरालाको होनिको मल्टिपल प्रालिको धरौटी जफत गर्ने निर्णय गरेको हो। कृषि सामग्री कम्पनी लिमिटेडका प्रबन्ध सञ्चालक नेत्रबहादुर भण्डारीले दुवै ठेकेदार कम्पनीको धरौटी खोस्ने निर्णय भएको जनाउँदै उनीहरुलाई कालोसूचीमा राख्ने प्रक्रिया पनि अघि बढाइएको जानकारी कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई दिएका छन्।

कृषि सामग्री कम्पनीले कारवाही अघि बढाएको जानकारी दिएपछि कृषि तथा पशुपन्छी विकास मन्त्री घनश्याम भुसालले आइतवार मन्त्रालयमा पत्रकार सम्मेलन गरे। उनले दुवै कम्पनीसँगको ठेक्का रद्द गरिएको बताउँदै मल आयातका लागि नयाँ प्रकृया शुरु गर्ने उल्लेख गरे। यी दुई कम्पनीले सरकारसँगको सम्झौतामा २० भदौसम्ममा मल ल्याइसक्ने जनाएका थिए।

तर उनीहरुले तोकिएको समयसीमामा मल नल्याउँदा कोरोनाको संकटमा पनि कृषकहरु केही किलोका लागि रातभर लाइन लाग्न बाध्य थिए। मल नल्याएका यी कम्पनीले अघिल्लो शुक्रबार मल ल्याउने समयसीमा थपिदिन भन्दै कृषि सामग्री कम्पनीमा निवेदन हालेका थिए। कृषि मन्त्री भुसालले मल नआउँदा आफ्नै बदनामी हुने भएपछि दुवै कम्पनीलाई कारवाही अघि बढाएका थिए। यी दुई कम्पनीले बर्खे बालीका लागि २५-२५ हजार टन युरिया मल ल्याउने सम्झौता गरेका थिए। त्यसका लागि उनीहरुले जनही ५ प्रतिशत रकम धरौटी राखेका थिए। कृषि सामग्री कम्पनीको आइतबारको निर्णयपछि दुवै कम्पनीबाट ९ करोड ४५ लाख धरौटी रकम सरकारले जफत गरेको छ। यी कम्पनीले समयमै मल ल्याउन नसकेपछि सरकारले बंगलादेश सरकारसँग ५० हजार मेट्रिक टन पैँचो मागेको छ।

# हल्दिबारीमा नयाँ कार्यकारी अधिकृत दाहाल, बिर्तामोडमा भट्टराई

*हल्दिबारी (प्रस)।* एक महिनाको अन्तरालमा हल्दिबारी गाउँपालिकामा नयाँ प्रमुख प्रशासकीय अधिकृत आउने भएका छन्। गौरीगञ्ज गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्रवीण दाहाल हल्दिबारी आउने भएका हुन्। अध्यक्ष र उपाध्यक्षबीचको टक्करका कारण काम गर्न नसक्ने भन्दै हल्दिबारीमा प्रशासकीय अधिकृतहरु आउन मानेका थिएनन्। दुवैजनाको घमासान टक्करका कारण टिक्न नसकी प्रमुख प्रशासकीय अधिकृत विजय इङनामले गत साउन २६ गते गाउँपालिका छोडेका थिए। त्यसयता गाउँपालिका कार्यालयमा प्रमुख प्रशासकीय अधिकृतको पद खाली छ। कार्यालयको कामकाज निमित्तले हेर्दै आएका छन्। हल्दिबारी गाउँपालिकाको सातौ गाउँसभाको असार १० गतेको पहिलो बैठकजस्तै साउन २६ गतेको दोस्रो बैठक समेत विवादित बनेको थियो। थप विवादित बनेको दोस्रो बैठककै दिन हल्दिबारीका प्रमुख प्रशासकीय अधिकृत इङनाम रवाना लिएर मोरङको मिक्लाजुङ गएका हुन्। उनको ठाउँमा श्रम मन्त्रालयबाट राजकुमारी खत्री आउने भएकी थिइन्। त्यहाँबाट सरुवा मिलाइसकेको अवस्थामा हल्दिबारीको विवाद थाहा पाएपछि उनी पनि आउन मानिनन्। हल्दिबारीका लागि सरुवा मिलाइसकेका भद्रपुर निवासी दाहालले बुधबारदेखि आफूले जिम्मेवारी सम्हाल्ने बताए।


भट्टराई


दाहाल

**बिर्तामोड नगरपालिकामा भट्टराई आउने**

बिर्तामोड नगरपालिकामा नयाँ प्रमुख प्रशासकीय अधिकृतका रुपमा राजेन्द्र भट्टराई आउने भएका छन्। रतुवामाई नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत भट्टराई बिर्तामोड आउन लागेका हुन्। यद्यपि सामान्य प्रशासन मन्त्रालयले टुंगो गरिसकेको छैन। बिर्तामोड नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा आउन रतुवामाई नगरपालिकाका भट्टराई र गौरादह नगरपालिकाका खेम ओझाले इच्छा ब्यक्त गरेका छन्। त्यसमध्ये सत्तारुढ पार्टीनिकट कर्मचारी संगठनका व्यक्ति भएकाले बलियो संभावना भट्टराईको रहेको जनाइएको छ। गौरादह नगरपालिकामा हाल प्रमुख प्रशासकीय अधिकृत रहेका ओझा जिल्ला विकास समिति झापाका पूर्व स्थानीय विकास अधिकारी हुन्। 'बिर्तामोडमा सरुवा हुने मन्त्रालयमा कुरा भइरहेको छ' रतुवामाईका प्रमुख प्रशासकीय अधिकृत भट्टराईले भने, 'भोलिसम्ममा निर्णय हुन्छ होला।' उमेर हदका कारण पशुपति खतिवडाले भदौ १६ गते अनिवार्य अवकास पाएपछि बिर्तामोड नगरपालिकामा अहिले प्रमुख प्रशासकीय अधिकृत पद खाली छ।


## नेपाल रेडक्रस सोसाइटी झापा जिल्ला शाखा
## सरसफाइ एवं स्वच्छता सामग्री खरीद सम्बन्धि शिलबन्दी बोलपत्र आब्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७७/०५/२२ गते)

नेपाल रेडक्रस सोसाइटी झापा जिल्ला शाखा अन्तर्गत विश्वव्यापी महामारी कोभिड-१९ सम्बन्धि चेतना अभिबृद्धि एवं प्रतिकार्य सम्बन्धि गतिविधिहरु संचालनका लागि आवश्यक स्वच्छता सामग्रीहरु शिलवन्दी बोलपत्रद्वारा आपूर्ति गर्नुपर्ने भएकोले नेपाल सरकारको इजाजत प्राप्त मूल्य अभिबृद्धि कर ९६ब८० मा रजिष्टर्ड फर्म वा सप्लायर्सबाट सूचना पत्रिकामा प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र शिलवन्दी वोलपत्र पेश गर्न आव्हान गरिएको छ।

**शर्तहरु :**

१. स्वच्छता सामग्रीहरुको विस्तृत विवरण बोलपत्र फाराममा उल्लेख गरिएको छ।
२. स्वच्छता सामग्री आपूर्ति गर्न नेपाल सरकारको इजाजत प्राप्त रजिष्टर्ड फर्म तथा सप्लायर्सले निम्न बमोजिम प्रमाणित कागजातहरु सूचना प्रकाशित भएको मितिले ७ (सात) औं दिन अपरान्ह ५.०० बजे भित्र बोलपत्र खरीद गरी ८ (आठ) औं दिन अर्थात मिति २०७७/०५/२९ गते २.०० बजे भित्र ने.रे.सो. झापा जिल्ला शाखा भद्रपुर वा रक्तसंचार सेवा विर्तामोडमा पेश गर्न सकिने छ। सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट पेश गर्न सकिने छ।
(क) अद्यावधिक नवीकरण भएको व्यावसायिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
(ख) आन्तरिक राजश्व कार्यालयमा दर्ता भएको स्थायी लेखा नम्बरको प्रमाणित प्रतिलिपि।
(ग) आ.व.०७५/०७६ को कर चुक्ता भएको प्रमाणित प्रतिलिपि, नागरिकताको प्रमाणित प्रतिलिपी।
(घ) तोकिएको मिति र म्याद भित्र प्रति सामग्रीको दररेट अङ्क/अक्षर दुवैमा भरी शिलवन्दी लाहाछाप गरी ने.रे.सो. झापा जिल्ला शाखा भद्रपुर वा रक्तसंचार सेवा विर्तामोडमा दर्ता गराउनु पर्नेछ।
३. तोकिएको बोलपत्र अन्तिम मितिको भोलिपल्ट ने.रे.सो. रक्तसंचार कार्यालय,विर्तामाडमा खोलिने छ।
४. बोलपत्र फाराम रु. २००।–(अक्षरेपी दुइ सय मात्र), नगद तिरी (फिर्ता नहुने) ने.रे.सो. झापा जिल्ला शाखा वा रक्तसंचार सेवा विर्तामोड बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
५. निर्धारित ढाँचामा पेश नगरिएका बोलपत्र फारामलाई मान्यता दिइने छैन।
६. बोलपत्र फाराम स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस जिल्ला शाखामा सुरक्षित रहनेछ।
७. बोलपत्र सम्बन्धि अन्य जानकारीको लागि ने.रे.सो. झापा जिल्ला शाखा कार्यालय, भद्रपुर वा रक्तसंचार सेवा ,विर्तामोडमा सम्पर्क गर्न सकिनेछ।

**नेपाल रेडक्रस सोसाइटी झापा जिल्ला शाखा, भद्रपुर**
**फोन न. ०२३-५२०१०२,रक्तसंचार सेवा विर्तामोड ०२३-५४१८३३**


# दशैंसम्म निषेधाज्ञादेखि सेना परिचालन गर्न सुझाव



*झापा (प्रस)।* काठमाडौं उपत्यकाभित्रका तीनवटै जिल्ला प्रमुख अधिकारीरूले काठमाडौं उपत्यका प्रवेशमा थप कडाइ गर्नुपर्ने बताएका छन्।

प्रतिनिधिसभाको शिक्षा तथा स्वास्थ्य समिति अन्तर्गतको उपसमितिको आइतबारको बैठकमा उपस्थिति भएका उपत्यकाभित्रका तीनवटै जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूले उपत्यका प्रवेश गर्ने र बाहिरिने मानिसहरूको आवागमनमा थप कडाइ गर्नुपर्ने बताएका हुन्।

काठमाडौं जिल्लाका प्रमुख जिल्ला अधिकारी जनकराज दाहालले उपत्यका प्रवेश गर्ने पाँचवटै नाकामा सेना परिचालन गर्नुपर्ने बताए। उनले चाहेर पनि र नचाहेर पनि दैनिक दुई हजारभन्दा बढी मान्छेलाई भित्र्याउनु परेको उल्लेख गर्दै नाकालाई ठप्प पार्न नसकिने बताए।

अहिले पनि विभिन्न ढुवानीका साधनमार्फत मानिसहरू आवतजावत भइराखेकाले त्यसलाई कडाइ गर्न सेना परिचालन गर्नुपर्ने आवश्यकता देखिएको दाहालले बताए।

उनले भने, 'सीमा नाकामा कस्तो हुँदैछ भने चाहेर पनि नचाहेर पनि करिब दुई हजार मान्छेलाई हामीले काठमाडौं भित्र्याउनै पर्छ। यदि दुई हजार मान्छे नभित्र्याउने र ठप्प पार्ने हो भने यहाँ ग्यास बाहिरबाट आउँछ, खाद्यान्न बाहिरबाट आउँछ। त्यसकारण काठमाडौंमा ठ्याप्पै पार्ने भन्ने अलि गाह्रो हुँदो रहेछ।'

अनावश्यक मान्छे हिँडडुल गर्ने कुराका लागि सीमामा कडाइ गर्नुपर्ने उनले बताए। 'सीमामा कडाइ गर्ने कुरामा नेपाली सेनालाई नै खटाउनु पर्छ। नेपाली सेनाको एउटा समूह नै पाँचवटै नाकामा राखिदिउँ न के फरक पर्छ र भनेर डिसिसिएमसीबाट निर्णय गरेर माथि पठाइयो तर सिसिएमसीमा त्यो कुराको सुनुवाइ नभएको हो कि,' दाहालले भने।

दाहालले प्रहरीले निगरानी गर्न नसकेको नभइ प्रहरीले धेरै काम गर्नुपर्दा नभ्याएको हुनाले सीमा नाकाको निगरानी कमजोर भएको बताए। सडकका जड्याँहालाई उठाउनेदेखि सुन चोरसम्मलाई पक्राउ गर्ने काममा प्रहरीलाई भ्याइनभ्याइ भएकाले सिमानामा नेपाली सेनालाई नै खटाउनुपर्ने उनले बताए।

# स्वास्थ्यमन्त्री ढकाल क्वारेन्टाइनमा

*बिराटनगर (प्रस)।* स्वास्थ्य तथा जनसंख्यामन्त्री भानुभक्त ढकाल परिवारका सदस्यलाई कोरोना संक्रमण भएपछि क्वारेन्टाइनमा बसेका छन्।



तीन दिनअघि परिवारका एक सदस्यलाई कोरोना संक्रमण भएपछि स्वास्थ्य मन्त्री ढकाल पाँचदिनसम्म क्वारेन्टाइन बसेर स्वाब परीक्षण गराउने तयारीमा रहेका छन्।

उनले आफूलाई संक्रमण नभएको तर परिवारका सदस्य संक्रमित भएका कारण क्वारेन्टाइनमा बसेको जानकारी दिएका छन्। "मलाई संक्रमण भएको होइन, परिवारको सदस्यमा संक्रमण देखिएपछि म म क्वारेन्टाइनमा बसेको हुँ' मन्त्री ढकालले भने।


## एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.
... तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था (पाँच जिल्ला कार्य क्षेत्र भएको)
केन्द्रीय कार्यालय, मुक्तिचोक, बिर्तामोड, झापा, नेपाल
फोन नं ०२३-५४३५६४, ५४३७१४, ५४४०१०, Email: info@edb.com.np | URL: www.edb.com.np

**पुनरकर्जा सुविधाको लागि निवेदन दिने बारे सूचना**

नेपाल राष्ट्र बैंकद्धारा मिति २०७७ श्रावण ६ मा जारी "नेपाल राष्ट्र बैंक पुनरकर्जा कार्यविधि, २०७७" मा भएको व्यवस्था तथा मिति २०७७ भाद्र १ मा प्रकाशित पुनरकर्जा सम्बन्धी सूचना बमोजिम यस बैंकबाट कर्जा सुविधा उपभोग गरिरहनु भएका पुनरकर्जा सुविधा प्राप्त गर्न योग्य आदरणिय ग्राहक/ऋणीहरुले आफुले कर्जा सुविधा उपभोग गरिरहनु भएको यस बैंकको सम्बन्धित शाखा कार्यालयमा २०७७ असोज ०५ गते सम्ममा तोकिएका कागजातहरु सहित पुनरकर्जाको लागि निवेदन दिनुहुन अनुरोध गर्दछौं। तोकिएको समय पश्चात प्राप्त निवेदनहरुमा पुनरकर्जा सुविधा प्राप्त नभएमा यस बैंकको कुनै जिम्मेवारी नरहने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराउँदछौं।



**बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**१ नं. प्रदेशको सधियार**
**राम कुमार चौधरी, हिरालाल राजवंशी, दुर्गा रसाइलीको नाममा जारी गरिएको**

## ७ दिने सूचना

साविक अनारमनी गाविस वडा नं. ७ हाल बिर्तामोड नगरपालिका, वडा नं. ३ बस्ने श्री ज्ञानीमाया थिंगले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय स्वायत्त शासन ऐन २०५५ को उपदफा १ च २ प्रयोजनको लागि यो ७ (सात) दिने सूचना तथा सधियार पू. श्री रामकुमार चौधरी प. श्री हिरालाल राजवंशी उ. श्री दुर्गा रसाइलीको जग्गा लगायत सार्वजनिक हानी नोक्सानी हुन्छ वा हुँदैन। यदी हुन्छ भने यो सूचना प्रकाशित भएको मितिले तपाईं ७ दिन भित्र प्रमाण सहित आउनु होला। अन्यथा नियम बमोजिम भई जानेछ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड नपा-३ | १,७९०,२०० | ५०९ | १२२,८८ | २०७७/०३/३१ | २०७७/०४/१८ | २०७७/०५/०९ |



## पूर्ण टुङ्ग बिर्ता सीटी अस्पताल बिर्तामोडमा शारीरिक उपचार अर्थात् फिजियोथेरापी सेवा सुरु

**औषधीको प्रयोग नगरी उपचार**

बिना औषधि, बिना सुई, बिना चिरफार, हाड जोर्नीको दुखाई, हड्डी खिएको, हातखुट्टा नचल्ने, झमझमाउने, मुख बाङ्गिएको, मस्तिष्कघात भई प्यारालाइसिस भएको, घाँटी अथवा ढाडको नसा चेपिई दुख्ने, झमझमाउने, अप्रेसनपछि जोर्नीहरु जाम भएको, हातखुट्टा चलाउँदा दुख्ने तथा असजिलो भएको, मांसपेशी कमजोर भई हातगोडा लुलो हुने आदि भएमा यस बिर्ता सीटी हस्पिटलको फिजियोथेरापी विभागमा सम्पर्क गरी चाँडोभन्दा चाँडो स्वास्थ्य लाभ लिनुहोस्। वैज्ञानिक ढङ्गले मालिस गर्ने, मांसपेशीहरु सेक्ने, हातखुट्टा चलाउने, व्यायाम गर्ने गरी तपाईंको शरीरलाई पुन: यथावत् पूर्ण सञ्चालनमा ल्याउन सकिने भएकाले यसका लागि अनुभवी र पारखी विशेषज्ञको विज्ञ सेवा प्राप्त गरी तन्दुरुस्त बन्नुहोस्।




सदैव व्यायाम गरौं, सदैव स्वस्थ रहौं।

पूर्ण टुङ्ग **बिर्ता सीटी हस्पिटल**
बिर्तामोड, झापा। फोन : ०२३-५४४८५५, ९८६२६८००००



## हाडजोर्नी तथा नशाका समस्याहरूको बिना अप्रेसन सफल उपचार

**सफलतापूर्वक उपचार हुने समस्याहरू**



ढाड, गर्धन कम्मर दुख्ने डिस्क प्रोल्याप्स, हड्डी खिइएको नशा च्यापिएको
वाथ, आर्थराइटिस, घुडा, जोर्नी दुख्ने, युरिक एसिड बढेको
शरीरका विभिन्न अङ्ग झम्झमाउने, पोल्ने, लाटो हुने
पाएल्स, पिनाश, ग्यास्टाइटिस, कब्जियत, टाउको दुख्ने, डिप्रेशन, अनिद्रा
प्यारालाइसिस, शरीरको एक अङ्ग वा दुवै अङ्ग नचल्ने, मुख बाङ्गिएको

सम्पर्क : **स्पार्क पूर्वाञ्चल अस्पताल प्रा.लि.**
कनकाई रोड (कनकाई कलेजसँगै) बिर्तामोड (झापा) फोन : ०२३-५४०१२३, ९८५२६७५०३३


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। सम्पादक : राजेन्द्र गौतम

## सम्पादकीय

# लकडाउन कि निषेधाज्ञा ?

बढ्दो कोरोना संक्रमणलाई नियन्त्रण गर्न देशभर लकडाउन र निषेधाज्ञा जारी छ । कही लकडाउन त कही निषेधाज्ञा अनि कतै सिल । लकडाउन , निषेधाज्ञा र सिल के हो भनेर आमसर्वसाधारण अलमलिन थालेका छन् । कुन नरम र कुन कडा भनेर छुट्याउनै गाह्रो भएको हो । लकडाउनमा के के गर्न मिल्ने हो र के के नमिल्ने हो भनेर सर्वसाधारण झुक्किने गरेका छन् ।

जिल्ला प्रशासन कार्यालयले निषेधाज्ञा लगाएको भनिरहँदा स्थानीय तहले निषेधाज्ञा नभएर लकडाउन लगाएको भनिरहेका छन् । निषेधाज्ञा भनेपनि लकडाउन भनेपनि विश्वव्यापी कोरोनाको महामारीबाट सर्वसाधारणलाई जोगाउन बनाएको नियम हो । त्यसको पालना गर्नु स्वयम् आफ्नै लागि हो । अहिले कोरोना शीतल निवास, सिंहदरबार, प्रचण्ड निवासलगायतका हाई प्रोफाइल व्यक्तिहरूकामा पसिसक्यो, कसैको घरमा भने ढोका ढकढक्याउँदै छ । जब सरकारले लकडाउन हटाउने निर्णय गर्‍यो, ठीक त्यतिबेलै कोरोनाले समुदायमा नै सेल्टर बनाउन थाल्यो । लकडाउनको समयमा भारत पसेका मजदुरहरू पनि बिना पिसिआर टेस्ट रातारात काठमाडौं छिरे । कतिपय युवाहरूले आरडीटीको विश्वसनीयता र पिसिआरको मात्रा बढाउने कुरालाई लिएर आन्दोलन गरे । यसरी आन्दोलन र खुला ठाउँको भीडले कोरोना झन् बीचबीचमा छिर्न पायो । पहिला लकडाउन सुरु गर्दा दुई/चार जनामा सीमित कोरोनाको मनोवैज्ञानिक त्रास त थियो नै समुदायमा उसले ठाउँ पाएको थिएन । अहिले कोरोनाले जताततै घेरिसक्यो तर मानिसहरू बिनामास्क र सामाजिक दूरी कायम नगरी आवतजावत गरिरहेका छन् । मानौं उनीहरू जे गर्न पनि स्वतन्त्र छन् र मास्क लगाउन पनि प्रहरीको आँखा छल्नका लागि मात्र प्रयोग गर्दछन् ।

चैत ११ बाट सुरु भएको लकडाउन ६ साउनमा औचित्यहीन समाप्त भयो । जब लकडाउन खुला गरियो, तब कोरोना परालको आगोझैं दन्कियो । अब नागरिकले आफूले आफैंलाई मूल्यांकन गरेर सचेतना अपनाएर आफ्नो सुरक्षाको जिम्मा आफैंले लिनुपर्ने अवस्था छ । अब आउने चाडपर्वहरूमा संयमता नअपनाई हुँदैन र धेरै भीडभाड नगरी सामाजिक दूरी कायम गरेर मुखमा मास्क अनिवार्य लगाउनुपर्दछ । अहिले लकडाउनबाट सटडाउनमा पुगेको अवस्थामा यो देशमा फेरि के हुने हो टुंगो छैन ।

# बिदेशमा एयरलाईन्सहरुले श्रमिकहरुलाई यसरी लुटे



❖मेघराज सापकोटा

यतिखेर विश्व कोभिड(१९ को महामारीमा छ । नेपाललगायत अधिकाँश देशहरुमा लकडाउन छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय उडानहरु ठप्प छन् ।मार्चको अन्तिम सातादेखि हालसम्म पनि विश्वभर अन्तर्राष्ट्रिय उडानहरु चलेका छैनन् । ब्यापार ब्यवसाय बन्द छन् । विश्व अर्थतन्त्र नै धराशायी भएको छ । करोडौँले रोजगारी गुमाएका छन् । नेपालमै पनि मल नपाएर यो बर्षको कृषि उत्पादन घट्ने आँकलन गर्न थालिएको छ । विश्व खाद्य संगठनले भविष्यमा विश्वमा झन् धेरै भोकमरी लाग्न सक्ने भन्दै सहयोगको लागि अपिल गरिरहेको छ ।

पछिल्लो तथ्यांकअनुसार ४० लाखको हाराहारीमा नेपालीहरु बैदेशिक रोजगारीमा छन् । झण्डै २० लाख नेपालीहरुले त खाडी मुलुक र मलेशियामामा रोजगारी गरिरहेका छन् । यति धेरै नेपाली श्रमिकहरु कार्यरत यी मुलुकहरु पनि कोभिड–१९ को कारण समस्यामा परेका छन् । धेरै कम्पनीहरुले कामदार कटौती गरेका छन् । ती कम्पनीहरुको ब्यापार घटेसँगै नेपालीहरुको रोजगारीमा असर पुग्न थालेको छ । यी मुलुकहरुमा रहेका नेपालीहरुले धमाधम रोजगारी गुमाईरहेको अवस्था छ ।

खाडी क्षेत्रका ६ मुलुकहरु यूएई, कतार, साउदी अरब, बहराइन, कुवेत, ओमान र बैदेशिक रोजगारीको अर्को प्रमुख गन्तब्य मुलुक मलेशियामा गरी १ लाख २० हजारभन्दा धेरै नेपालीहरुले रोजगारी गुमाएको तथ्यांक छ । उनीहरु छिटोभन्दा छिटो नेपाल फर्कन चाहन्छन् । हालसम्म ४० हजारको हाराहारीमा नेपाल फर्किसकेको र बाँकी ८० हजार नेपालीहरु नेपाल फिर्तीको लागि पर्खाइमा रहेका छन् ।

नेपाल सरकारले सेप्टेम्बर महिनाभरमा बढीमा दैनिक ८ सयसम्म नेपालीहरुलाई नेपाल ल्याउने योजना बनाएको छ । अर्थात सेप्टेम्बर महिनाभरिमा २० हजारजति नेपालीहरु नेपाल फर्कन सक्ने देखिन्छ । बाँकी साठी–पैंसठ्ठी हजार नेपालीहरुको नेपाल फिर्ती कहिले होला भन्ने कुरा अन्यौल छ । दिनानुदिन यो सँख्या बढेर अझ धेरै हुने सम्भावना पनि उत्तिकै छ ।

खाडी मुलुकहरुमा कयौँका सँख्यामा नेपालीहरु खर्च अभावले भौतारिरहेका छन् । कयौँ नेपालीहरु क्वाँक्वाँ रोएका आवाजहरु यत्रतत्र सुनिने गरेको छ । उद्दार गरेर नेपाल लगिदिन हजारौँ नेपालीहरुले सरकारलाई हारगुहार गरिरहेका छन् । बेखर्ची भएर खब्बुस (अरबी रोटी) र पानी खाएर रातदिन गुजारिरहेका छन् । उनीहरु काम गर्ने धेरै कम्पनीहरु बन्द भएका छन् । केही कम्पनीका मालिकहरु सम्पर्कबिहीन भएका छन् । यस्तो अवस्थामा पनि नेपाल सरकारले आफ्ना नागरिकहरुलाई सस्तो,सुलभ र सुरक्षित नेपाल फिर्तीलाई पहल गर्न चासो दिएन । घर फर्कनको लागि नेपाली श्रमिकहरुसँग हवाई टिकट किन्ने पैसा छैन । नेपाल सरकार यी सबै कुराहरुप्रति जानकार छ । तर, जिम्मेवार छैन । यस्तो अवस्थामा नेपाल सरकारले श्रमिकको निःशुल्क उद्दार गर्नु पर्नेमा महँगो हवाई टिकट दर तोकेर ब्यापार गर्न खोजेको छ । पर्यटन मन्त्री योगेश भट्टराईले निःशुल्क उद्दारको त के कुरा भो र



बिचल्ली परेका नेपालीहरुलाई कम हवाइ टिकट दरमा नेपाल ल्याउन सकिदैन भन्ने अभिब्यक्ति दिएका छन् । श्रम मन्त्री रामेश्वर राय यादव त बैदेशिक रोजगारीमा गएका नेपालीहरुप्रति अत्यन्तै अत्यन्तै अनुदार रहे । ६ महिनापछि बल्लबल्ल उद्दारसम्बन्धी एउटा कार्यविधि ल्याए र मन्त्रिपरिषदबाट पास त गराए । तर, अत्यन्तै झन्झटिलो र कार्यान्वयन गर्न नसकिने खालको । नेपाली दुतावास अबुधाबीका एक कर्मचारीका भनाइ मान्ने हो भने उक्त कार्यविधिअनुसार अलपत्र परेको एक जना कामदारलाई उद्दार गर्न कम्तीमा डेढ –दुई महिना लाग्ने देखिन्छ ।

अर्कोतिर नेपाल सरकारले आफ्नै एयरलाइन्सको भाडा पनि अत्यन्तै महँगो बनाएको छ । नियमित उडान भन्दै नेपाल एयरलाइन्सले दुबइदेखि काठमाण्डौंसम्मको भाडा कम्तीमा १४ सय २० (४५ हजार रुपैयाँ) देखि २१ सय २० दिर्हाम (६८ हजार रुपैयाँ) सम्म तोकिदिएको छ । त्यसमा पनि कुनै पनि टिकट सहज तरिकाले उपलब्ध छैनन् । निकै सोर्सफोर्स लगाएर टिकट पाईहालियो भने सबैभन्दा महँगो टिकट मात्र पाईन्छ । नेपाली एयरलाइन्स कम्पनी हिमालय एयरलाइन्सको स्थिति पनि उस्तै छ । एजेन्सीहरुले सस्तो टिकट लुकाएर महँगो टिकट मात्र बेचिरहेका छन् । बिदेशी एयरलाइन्सहरुले त झन् ८० हजार रुपैयाँदेखि १ लाख ५ हजार रुपैयाँसम्म टिकट बेचिरहेका छन् ।जबकी अरु सामान्य अवस्थामा दुबइ–काठमाण्डौंको भाडा ६ सय दिर्हाम (१९ हजार रुपैयाँ) हुन्थ्यो । न त नेपाल सरकारले आफूले सस्तोमा नेपाली श्रमिकहरुलाई उद्दार गर्न सक्यो, न त बिदेशी एयरलाइन्सलाई सस्तो भाडा दर कायम गर्न कुनै भूमिका खेल्न सक्यो । बरु नेपाल सरकार आफैंले बिदेशमा अलपत्र परेका नेपालीहरुलाई लुट मच्चाइरहेको छ ।

केही विदेशी एयरलाईन्सहरुले लकडाउनभन्दा अगाडि नेपालीहरुले काटेको टिकटको रकम समेत फिर्ता दिएनन् । उनीहरुले पैसा लिएर जहाज नचढाए पनि पैसा फिर्ता गर्न मानिरहेका छैनन् । यस बीचमा कयौं नेपालीहरु चार्टर फ्लाईटमा नेपाल फर्किसकेका छन् । नेपाली यात्रुहरुले सेवा उपभोग नगरी करोडौं रुपैयाँ गुमाएका छन् ।

उनीहरुले लकडाउनपछि पनि कमर्सियल उडान भन्दै केही सस्तोमा टिकट बेचे । तर, प्लेन उडाएनन् । बिचरा ती नेपालीहरुले पनि हजारौं रुपैयाँ माया मारेर अर्को चार्टर उडानमार्फत नेपाल फर्किन बाध्य भए । तर, उनीहरुले पनि पैसा फिर्ता पाएनन् । सेवा नदिएपछि पैसा फिर्ता दिनु पर्ने हैन र ?हवाईजहाज नचलेको घाटा श्रमिकहरुको पसिनाले भरपाई गरिदिनु पर्ने त हैन होला ।

तीमध्ये केही एयरलाईन्सहरुले अहिले उक्त पैसा बराबरको कुपन भौचर दिन थालेका छन् । जुन भौचर अहिलेको रेगुलर वा चार्टर फ्लाईटमा साट्न नपाईने गरी । पछि, धेरैपछि, एक बर्षसम्ममा सो भौचर प्रयोग गरी फेरि उड्न पाईने । तर, पैसा भने फिर्ता नपाईने नियम बनाए । मान्छे जागिर छोडेर कहिल्यै नआउने गरी नेपाल गईसकेको छ, जाँदैछ र आउने नआउने टुंगो छैन, जिन्दगीमा फेरी प्लेन चढ्ने हो कि हैन थाहा छैन, अहिले नचल्ने भौचर कुपनको के काम?कम्तीमा पहिले टिकट काटिसकेकाहरुले हवाई मूल्य फरक परे थप पैसा तिरेर नेपाल जान त पाउनु पर्छ । तर पाउँदैनन् । अनि यो लुट हैन ? उनीहरुको आवाज बोलिदिने कसले ? नेपाल सरकारलाई आफैंलाई लुट्न फुर्सद छैन ।

अझै पनि केही एयरलाईन्सले नियमित उडान भनेर पनि खुलारुपमा अनलाईन टिकट बिक्री गरेका छैनन् । यसको प्रत्यक्ष मारमा तिनै श्रमिकहरु परेका छन् । यसले त टिकट मूल्य निर्धारणमा पनि असर गरेको छ । टिकट महँगो छ । नियमित उडान भनेर अनुमती लिएर पछि सोहीअनुसार गर्नुपर्ने हैन र ? तर, गरेका छैनन् ।

यी सबै कुराहरु हेर्दा ब्यापारीले कमाउनु पर्ने सुवर्ण अवसर यही महामारीको बेला नै हो जस्तो लाग्छ । यस्तो लाग्छ कि काम र माम नभएर बाटोमा रोएर बसेका श्रमिकहरुलाई निचोर्नु पर्ने बेला पनि यही हो । श्रमिकहरुलाई आफ्नो मुलुक फर्कनु पर्ने बाध्यता छ नत्र भिसामा जरिवाना लाग्छ । ती सरकारले एकातिर भिसामा जरिवाना लगाउने उर्दी जारी गरेको छ भने अर्कोतिर हवाइटिकट महँगो बनाएर श्रमिकहरुको ढाड सेकेको छ ।

आखिर परदेशी श्रमिकका यी आँशुका कथा देख्ने सरकार नेपालमा रहेनछ । दोहोर मारमा परेका यी श्रमिकको साथमा न कुनै सरकार छ न त कुनै अन्तर्राष्ट्रिय संघसंस्था नै । आखिर जहाँ गएपनि बिनाबित्थामा मर्नु पर्ने संसारभरका गरिब श्रमिक जनताहरु नै रहेछन् ।

*( झापा बुधबारे स्थायी घर भएका लेखक सापकोटा यूएईको नेपाली समुदायमा परिचित पत्रकार हुन् )*

# सार्वजनिक ऋणको जोखिम र यसको भार नेपाली जनतामा बढेकै हो ?



❖ सविता कनौजे न्यौपाने

सार्वजनिक ऋणलाई अर्को भाषामा सरकारी ऋण अथवा राष्ट्र ऋण पनि भन्ने गरिन्छ । सार्वजनिक ऋण बजेट घाटा परिपूर्ति गर्ने एउटा उपकरण हो । हाम्रो जस्तो कम विकसित अर्थतन्त्रको प्रमुख आर्थिक समस्या भनेको सरकारले गर्नुपर्ने खर्चको लागि आम्दानी स्रोतको अभाव हो । आम्दानी र खर्चबीचको ठूलो अन्तर हुने समस्याको समाधान गर्ने एउटा उपाय भनेको आन्तरिक र बाह्य ऋण लिएर खर्च गर्नु हो ।

केही वर्ष यताको तथ्याङ्क हेर्दा विभिन्न द्वीपक्षीय र बहुपक्षीय दाताबाट दिने विदेशी सहयोगको रकममा अनुदानको अंश घट्दै गएको र सशर्त ऋणको अंश बढ्दै गएको देखिन्छ । देश संघीयतामा गएको छ र संघीयतामा जानुको अर्थ देशले विकासको माग गर्नु हो ।बढाउनुपर्ने हुन्छ र अर्कोतर्फ संघीयता व्यवस्थापनको खर्च पनि त्यही अनुपातमा बढेकाले सरकारले गर्नुपर्ने चालू खर्च र पूँजीगत खर्च बढेको छ तर खर्चको अनुपातमा आम्दानी वृद्धि हुन नसक्दा प्रत्येक वर्ष बजेट घाटा बढ्दै गएको छ । त्यसकारण बजेट घाटा पूर्ति गर्न सरकारले प्रयोग गर्ने सार्वजनिक ऋण पनि प्रत्येक वर्ष बढ्दै गएको छ ।

यसले एकातर्फ सरकारको ऋणको रिफाइनान्सिङ जोखिम बढ्दै गएको छ, (सफ्ट लोन)सुलभ कर्जामा कमी आई ऋणको सेवा लागत बढेको छ भने अर्कोतर्फ सर्वसाधारण जनतामा राज्यले यति सारो ऋण कसरी तिर्ला ? र यस प्रकारको ऋणले गर्दा देश नै डुब्ने त होइन भन्ने सन्त्रास बढेको पाइन्छ ।अहिलेको यो विश्वव्यापी कोरोना महामारीले गर्दा कुनै एक देशले अर्को देशलाई सित्तैमा अनुदान दिने अवस्थामा छैन जसले गर्दा एकातिर सरकारले खर्च गर्नुपर्ने दायित्व ह्वात्तै बढेको छ भने अर्कोतिर उद्योगधन्दा, व्यापार र पर्यटन ठप्प हुँदा सरकारको आम्दानीको स्रोतमा ठूलो गिरावट आएको छ। यस अवस्थामा सरकारको विकल्प विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, एसियाली विकास बैंक जस्ता बहुपक्षीय विकास साझेदारसँग लिने बाह्य ऋण र देशभित्रै लिने आन्तरिक ऋण नै हो र तिर्नुपर्ने ऋण र व्याजको भाका पछि सार्नु हो ।

नेपालमा सार्वजनिक ऋणको विकासक्रम र यसको संरचना

नेपालले वि.सं. २००७ सालबाट औपचारिक वैदेशिक सहायता लिन शुरू गर्‍यो । वि.सं. २००८ सालमा नेपाल कोलम्बो प्लानमा सदस्यता लिएपछि भने वैदेशिक सहायतामा विविधता आउन थाल्यो । वि.सं. २०१३ को पहिलो पञ्चवर्षीय योजनामा विकास खर्चको लागि वैदेशिक सहायता ९०५ थियो । तर, वि.सं. २०२१ भन्दा पहिले वैदेशिक सहयोग अनुदानको रुपमा लिएपनि नेपाल सरकारले कुनै सार्वजनिक ऋण लिएको इतिहास भने छैन । यसपछि भने सरकारले बजेट घाटा पूर्ति गर्दै सार्वजनिक खर्च धान्न आन्तरिक र बाह्य दुबै ऋण परिचालन गरेको देखिन्छ ।

आर्थिक वर्ष वि.सं. २०३१-३२ साल सम्म आउँदा सार्वजनिक ऋण र कुल ग्राहस्थ उत्पादनको औसत अनुपात ४.९५५ थियो भने २०४१-४२ सम्म बढेर ६.२१५ भएको थियो त्यसपछिको दशकमा सार्वजनिक ऋण ठूलो मात्रामा बढेर आर्थिक वर्ष २०५१-५२ मा कुल ग्राहस्थ उत्पादनको ६५.५३५ भयो । २०६१-६२ मा ५२.१२५ भएको सार्वजनिक ऋण २०७१-७२ मा २५.३५५ झर्यो र फेरि केही बढेर २०७५-७६ मा ३०.२२५ हुँदै आर्थिक वर्ष २०७६-७७ को अन्त्यमा ३७.७५ भएको छ (स्रोतः अर्थमन्त्रालय वेभसाइट)।

यो तथ्याङ्कले के देखाउँछ भने वि.सं. २०५१ देखि २०६१ सम्म माओवादी द्वन्द्वको बेलाले गर्दा नेपालको कुल ग्राहस्थ उत्पादन घट्यो तर ऋण यथावत रहेकोले सार्वजनिक ऋण र कुल ग्राहस्थ उत्पादनको अनुपात बढी देखियो । त्यसपछिको वर्षमा भने देशको उत्पादन बढे अनुसार ऋण नबढेकाले ऋण र कुल ग्राहस्थ उत्पादनको अनुपात घटेको देखिन्छ । नेपालमा आन्तरिक ऋण भन्दा बाह्य ऋणको अनुपात बढी छ। अहिले जिडीपीको ३७.७५ सार्वजनिक ऋण हुँदा बाह्य ऋण २१.४५ छ भने आन्तरिक ऋण १६.३५ छ । आन्तरिक ऋण उठाउन बजेटमा सरकारले घोषणा गरेअनुरुप नेपाल राष्ट्र बैंकले ट्रेजरी बिल र विभिन्न सरकारी ऋणपत्र निस्कासन गर्छ भने बाह्य ऋणको लागि विभिन्न द्वीपक्षीय र बहुपक्षीय विकास साझेदारसँग अर्थमन्त्रालयले कुरा अघि बढाउँछ। अहिले भएको जम्मा १४१९ अर्ब सार्वजनिक ऋण मध्य बाह्य ऋण ८०५.८३ अर्ब छ जसमा द्विपक्षीय विकास साझेदार मध्य सबैभन्दा बढी सहायता बेलायतको छ भने त्यसपछि क्रमश अमेरिका ,जापान, चाइना र भारत छन् । बहुपक्षीय विकास साझेदारमा विश्व बैंकको सबैभन्दा बढी योगदान छ भने त्यसपछि क्रमशः एसियाली विकास बैंक ,युरोपियन युनियन र युएनडीपीको रहेका छन् । सरकारको आन्तरिक ऋण ६१३.२१ अर्बमध्ये धेरै वाणिज्य बैंक तथा अन्य वित्तीय संस्था, नेपाल राष्ट्र बैंक, नागरिक लगानी कोष, कर्मचारी सञ्चय कोष, नेपाल टेलिकम जस्ता ठूला संस्थाबाट लिएको छ ।

के नेपालमा सार्वजनिक ऋणको जोखिम र यसको भार नेपाली जनतामा बढेकै हो त?

अन्तर्राष्ट्रिय अभ्यास, विभिन्न आर्थिक तथ्यांक र नेपालको आवश्यकताले नेपालको सार्वजनिक ऋण लिने क्षमता अहिलेको भन्दा धेरै नै रहेको देखाउँछ । तर आम मानिसमा भने सार्वजनिक ऋणको बोझ बढिरहेको र भविष्यमा हामीले यसको नराम्रो मूल्य चुकाउनुपर्छ भन्ने भनाइहरू यत्रतत्र सुन्नमा आउँछ । अहिले भर्खर नेपाल राष्ट्र बैंकले निकालेको देशको वार्षिक आर्थिक समीक्षा अनुसार प्रत्येक नेपाली बराबर झन्डै ४७००० रुपैयाँ ऋण रहेको देखाउँछ । आम नागरिक पनि प्रतिव्यक्ति ऋण देखेर आत्तिनु पर्ने अवस्था छैन तर सबै कुरा ऋणको उपयोग कसरी गर्छौं भन्ने कुराले अर्थ राख्छ ।

एउटा देशले कति सार्वजनिक ऋण थेग्न सक्छ भन्ने निर्धारण देशको आर्थिक र वित्तीय अवस्था, प्रतिव्यक्ति आय, सरकारको बजेटमा भएको प्राथमिकता, राजस्व संकलनको अवस्था, सरकारले गर्न सक्ने विकास खर्चको क्षमता र समग्र अर्थतन्त्रको अवस्थाले गर्छ । विभिन्न अन्तर्राष्ट्रिय निकायले ऋण कति दिन हुन्छ र कति दिनु हुन्न भन्ने निश्चित मापदण्ड तोकेका छन् र तिनै मापदण्डभित्र रहेर नै ऋण उपलब्ध गराएका हुन्छन्।

केही अर्थशास्त्रीका विचारमा नेपालले जीडीपीको ५०-६० प्रतिशतसम्म सार्वजनिक ऋण लिँदा पनि डराउनु पर्दैन । नेपालले ऋण लिने त अझै ठूलो ठाउँ छ। अहिले नेपालको जीडीपी करिब ३७ खर्ब हुँदा हामी करिब २३ खर्ब रुपैयाँ सार्वजनिक ऋण उठाउन मिल्छ भन्ने कुरा गर्छन्। तर मेरो विचारमा ऋणको प्रतिशत र तथ्याङ्कभन्दा पनि यसको उचित प्रयोगमा जोड दिन सक्नुपर्छ। जति सार्वजनिक ऋण उठाएर खर्च धान्न सजिलो छ त्यति यसको उचित प्रयोग र व्यवस्थापन गर्न सरकारलाई ठूलो चुनौती पनि छ। यदि सार्वजनिक ऋण देशले थेग्न सक्ने जति छ र सहि सदुपयोग हुन्छ भने त्यो ऋण देश विकासको मेरुदण्ड हुनेछ। यदि त्यै ऋण थेग्न सक्ने भन्दा धेरै भो भने सिङ्गो राष्ट्र सहित सबै नागरिकको दीर्घकालीन बोझ बन्नेछ ।

यदि हामीले ऋण लिएर संघीयता कार्यान्वयन गर्न प्रशासनिक खर्च गर्ने, ऋणबाट कर्मचारीको तलब, पेन्सन, सरकारी गाडी, सरकारी भवन, सामाजिक सुरक्षा भत्तामा खर्च गर्ने, जस्ता काम हुन थाले भने जिडीपीको ५०५ हैन १०५ सार्वजनिक ऋण उठाउनु पनि देशको लागि अहित हुनेछ । सार्वजनिक ऋण उठाएर चालू खर्च गर्ने हो भने यसले दिने आम्दानी शून्य भई देशले तिर्नुपर्ने वार्षिक साँवा व्याज तिर्ने क्षमता ह्रास भएर पुरानो ऋणको साँवा व्याज तिर्न नयाँ ऋण नै लिनुपर्ने अवस्था आई देश कालो सूचीमा पर्ने, थप ऋण प्राप्त गर्न असहज हुने जस्ता समस्या देखापर्न सक्छन् ।

केही विकसित देशको सार्वजनिक ऋणको आकार हेर्ने भने त्यो देशको जिडीपीको २००५ भन्दामाथि ऋण परिचालन गरेको देखिन्छ । जस्तै अहिले वर्ल्ड पपुलेसन रिभ्युका अनुसार जापान सबैभन्दा बढी राष्ट्रिय ऋण भएको देश हो र यहाँ जिडीपीको २३५.९ प्रतिशत ऋण छ । त्यसपछि ग्रिस १९१.२७ प्रतिशत, भेनेजुएला १६१.९९ प्रतिशत ऋणमा छ भने विश्वको मुख्य आर्थिक शक्तिको रुपमा रहेको अमेरिकाले पनि लगभग १५० प्रतिशतको हाराहारीमा ऋण परिचालन गरेको छ । हाम्रो छिमेकी देश विश्वको दोस्रो ठूलो शक्तिशाली अर्थतन्त्र भएको चीनमा सार्वजनिक ऋण जिडीपीको ५१.२१ प्रतिशत छ भने उता भारतीय केन्द्रिय बैंक अनुसार भारतले यो आर्थिक वर्षको अन्त्यसम्ममा जिडीपीको ७२.१ ५ अथवा १४७ ट्रिलियन भारतीय रुपैया बराबरको सार्वजनिक ऋण प्रयोग गरेको छ।

यी सबै देशको तथ्याङ्कलाई विश्लेषण गर्दा जुन देशमा बलियो भ्रष्टाचार रहित प्रशासन र दूरदर्शी राजनीतिज्ञ छन् ती देशको विकासको गति र ऋण परिचालन पनि तीव्र देखिन्छ । यी देशले ऋणको प्रयोग पूर्वाधार विकास, मानवीय क्षमता विकास र इनोभेसनमा गरेकोले देशको उत्पादनशीलता वृद्धि भई जीडीपी र निर्यात आकार उच्च छ, ठूला करदाता भएकोले सरकारको आम्दानीमा उल्लेख्य वृद्धि भई ऋण तिर्ने क्षमता उच्च छ र विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्राकोष जस्ता विकास साझेदारले ठूलो लगानी गरेका छन् ।

नेपालमा पनि अहिलेसम्मको अनुभवमा पुरानो ऋण तिर्न नयाँ ऋण उठाउनु परेको छैन । सार्वजनिक ऋणले गर्दा अर्थतन्त्रका परिसूचकमा अस्थिरता आएको छैन। विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्राकोष र एसियाली विकास बैंकले निर्धारण गरेका सार्वजनिक ऋणको दिगोपना मापनका सूचक पनि थ्रेसहोल्ड भित्रै रहेकाले ऋण परिचालनमा कुनै समस्या देखिएको छैन । तसर्थ सरकारले पारदर्शी रुपमा ऋण खर्च गर्ने क्षमता बढाउदै सरकारी ऋण लगानी विमानस्थल निर्माण, सडक निर्माण, कनेक्टिभिटीको विस्तार, पूर्वाधार विकास, मानव संसाधन विकास र इनोभेसन जस्ता विकासका काममा गर्न सक्यो भने त्यसले उत्पादन,रोजगारी सृजना गर्दै प्रतिव्यक्ति आय बढाउन मद्दत पुग्छ, अन्तर्राष्ट्रिय दातृ निकायले गर्ने लगानी बढ्छ, अहिले ऋण र जिडीपीको ३७.७ ५ रहेको अनुपातलाई बढाएर १००५ मा पनि पुर्याउन पनि सकिन्छ । संघीयताले विकास मागेको छ यसको लागि सरकारले भौतिक पूर्वाधारमा ठूलो लगानी गर्नुपर्ने भएको छ ।

कोभिड महामारीले विश्व अर्थव्यवस्था डामाडोल हुँदा नेपाल पनि अछुतो रहेन तसर्थ सार्वजनिक ऋण वृद्धि हुनु स्वाभाविक हो । सार्वजनिक ऋणको विकल्प भनेको नै करको दायरा बढाउनु हो। अहिलेको महामारीमा सबै व्यापार व्यवसाय संकटमा रहेकाले यो सम्भव नहुँदा जनता सार्वजनिक ऋण बढ्यो भनेर त्रसित हुनुपर्दैन तर सरकारको लगानी पारदर्शिता र यसको उचित उपयोग र सरकारको खर्च गर्ने क्षमतामा भने ध्यान जानु नितान्त जरुरी छ।

# कोरोना कसरी सर्छ ? यसबाट कसरी बच्ने ?

नेपालमा दैनिक कोरोना भाइरस (कोभिड-१९) संक्रमितको संख्या बढ्दै गएको छ। संक्रमितको संख्या वृद्धिपछि स्वास्थ्य मन्त्रालयले उपचारका लागि होम आइसोलेसनलाई पनि प्राथमिकतामा राखेको छ। मन्त्रालयका अनुसार संक्रमणको कुनै लक्षण वा चिह्न नभएका (एसिम्टोमेटिक) र सामान्य लक्षण भएका तथा चिह्न भएका (माइल्ड) व्यक्तिहरू आआफ्नै घरमा आइसोलेसनमा राखिएका छन्।

अधिकांश संक्रमणका बेला सामान्य 'फ्लू' जस्तै लक्षण देखिन्छ। यसको संक्रमणबाट ज्वरो आउनु, खोकी लाग्नु, झाडापखाला लाग्नु, श्वासप्रश्वास छिटोछिटो हुनु, श्वास फेर्न कठिन हुँदै निमोनिया समेत हुन थाल्ने लक्षण देखिन्छ।

कोरोना भाइरसले ठाउँअनुसार फरकफरक असर देखाएको स्वास्थ्य विज्ञले बताउँदै आएका छन्। जनस्वास्थ्य विज्ञ डा. रवीन्द्र पाण्डेले फेसबुकमार्फत विभिन्न मुलुकमा भएका अनुसन्धानको तथ्यसहित कोरोना कसरी सर्छ ? यसबाट कसरी बच्ने ? भन्ने विषयलाई उजागर गरेका छन्।




- भाइरस परिवर्तनशील हुन्छ। यसले स्वरूप परिवर्तन गरिरहन्छ। यो कहिले कमजोर हुन्छ, कहिले कडा हुन्छ। नोबेल कोरोना भाइरस नयाँ हो। यसको धेरै अध्ययन हुन बाँकी छ। यसको परिवर्तनशील स्वरूपको कारण **WHO, CDC, FDA,** वैज्ञानिक, विज्ञ तथा आम अध्येताको धारणा परिवर्तन हुनु स्वाभाविक हो।
- भाइरस निकै ट्रिकी हुन्छ। भाइरसको ट्रिकीपन अनुसार कदम चाल्नुपर्ने हुन्छ। तसर्थ पहिले यस्तो भन्थ्यो, अहिले यस्तो भन्यो भन्न भाइरोलोजीमा मिल्दैन। पहिले इटलीमा ९ ५ मृत्युदर थियो । एउटा देशको उदाहरण अर्को देशसँग मिल्दैन। तसर्थ यसको व्याख्या आधिकारिक निकाय र विज्ञबाट हुन्छ, त्यसलाई विश्वास गरौँ।
- व्यक्ति आमनेसामने भएर लामो समय कुरा गर्दा, भीडभाडमा जाँदा, भेन्टिलेसन नभएको कोठा वा हलमा कन्सर्ट, नाचगान, भोजभतेर, सेमिनार आदि गर्दा कोभिड १९ सर्ने ठूलो सम्भावना हुन्छ।
- १५ मिनेटभन्दा धेरै असुरक्षित किसिमले कुनै पनि व्यक्तिसँग ६ फिट नजिक रहेर कुरा गर्दा सर्छ। खोकी तथा हाछ्युँ गरे छिटो सर्छ।
- कोरोना संक्रमित व्यक्तिले लक्षणपूर्वको अवस्थामा संक्रमण सार्ने दर धेरै हुन्छ ।
- जति लामो समय अरूसँग कुराकानी गरिन्छ, जति नजिक बसेर कुरा गरिन्छ तथा जति बढी व्यक्तिसँग कुरा गरिन्छ, कोरोना संक्रमण हुने सम्भावना त्यति धेरै हुन्छ ।
- हामीले कोरोनालाई धेरै हाउगुजी बनाएका छौं। कोरोना संक्रमण सामान्य महामारी हो। यो खोप नआएसम्म रहनसक्छ। तसर्थ यसलाई सरलिकृत बनाऔं। ८५ ५ संक्रमितलाई आफै वा साधारण उपचारले निको हुन्छ। १० ५ लाई लाक्षणिक उपचारले ठिक हुन्छ। ५ ५ लाई आइसीयु, अक्सिजन तथा भेन्टिलेटर चाहिन सक्छ। मृत्यु सरदर २-३ ५ छ। नेपालमा हाल करिब १ ५ मृत्युदर छ।
- कोरोना संक्रमणले मुख्य रूपमा फोक्सोलाई असर गर्दछ। त्योबाहेक किड्नी, मुटु, कलेजो, मस्तिष्क, स्नायु, रक्तनली आदिलाई पनि असर गर्दछ।
- लक्षणविहीन कोरोना संक्रमित बिरामीले अन्य व्यक्तिलाई संक्रमण सर्दैन भन्ने होइन। अमेरिकामा २५-४० ५ लक्षणविहीन संक्रमित भएको, डाइमन्ड प्रिन्स क्रुजमा पनि लक्षणविहीन संक्रमित भएको, आइसल्याण्डमा ५०५ संक्रमित लक्षणविहीन भएको तथा हाल दक्षिण एसियामा करीब ७५ ५ लक्षणविहीन भएको र उनीहरूले एकअर्कालाई संक्रमण सारेका अनुसन्धानले प्रमाणित गरेका छन्।
- लन्डन स्कूल अफ हाइजिन एण्ड ट्रपिकल मेडिसिनले गरेको अध्ययनअनुसार सबै संक्रमित व्यक्तिले रोग सार्न सक्दैनन्। कोरोना संक्रमितमध्ये १०-२० ५ ले अन्य ८०-९० ५ लाई संक्रमण सार्न सक्छन् भनिएको छ।

**कसरी बच्ने ?**

- हामी आम नागरिकले घरबाहिर जाँदा अनिवार्यरुपमा सहि तरिकाले मास्कको प्रयोग गरौँ। व्यक्तिगत दुरी कायम गरौँ। हात सफा गरौँ। भीडभाड नगरौं। यति गर्यौं भने यो महामारी नियन्त्रण हुन्छ।
- अनिवार्यरुपमा मास्क लगाउने, जहाँ पनि ६ फिटको दुरी कायम गर्ने, हात सफा गरिरहने, भीडभाडमा नजाने तथा खुला ठाउँमा बसेर कुराकानी गर्ने।
- विश्वका धेरै देशमा जनजीवन सहज भएको छ। जनता अनुसाशित र सरकार इमान्दार भएका चीन, जापान, कोरिया, भियतनाम, ताइवान, भुटानजस्ता देशमा मास्क, भौतिक दुरी र सरसफाइले संक्रमण नियन्त्रण भएको छ।
- हामी सबैले ठण्डा र आफ्नै दिमागले सोंचौं। अज्ञानको पछि नलागौं। आफु क्लियर नभएको कुरा सेयर गरेर, विदेशी संस्थालाई गाली गरेर वा नभएका विदेशी उदाहरण दिएर लापरबाही नगरौं।
- हामीले कडाइका साथ जनस्वास्थ्यका मापदण्ड अबलम्बन गर्यौं भने जनजीवन अन्य देशमा जस्तै सहज र सरल हुन्छ। हामीले यी उपाय अबलम्बन गरेनौं भने संक्रमण तीब्र गतिमा बढ्छ। हाम्रो जनजीवन अस्तव्यस्त हुन्छ।
- विश्वका धनी देशमा भएका क्षति बुझेर हामीले पाठ सिकौं। हामी अरुको तालमा लाग्दा भोलि संक्रमित भयौं भने उनीहरुले साथ दिदैनन्। हामीलाई चाहिने हाम्रै अस्पताल तथा स्वास्थ्यकर्मी हुन्। उनीहरुलाई प्रोत्साहित गरौँ।
-मास्क लगाउँदा हामीले कार्बनडाइअक्साइडभित्र लिन्छौं, यसले गर्दा धेरैको ज्यान गएको छ भन्नु अज्ञानताको पराकाष्ठा हो। मास्कमा अक्सिजन लिने र कार्बनडाइअक्साइड फ्याँक्ने सुगमता हुन्छ। मास्क २४ सै घण्टा लगाउनुपर्ने होइन। घरमा बस्दा, एक्लै हिँड्दा तथा सुत्दा मास्क लगाउनु पर्दैन।
- काम गर्ने ठाउँमा झ्यालढोका खोल्ने तथा उचित भेन्टिलेसनको व्यवस्था गर्नु पर्दछ। हावालाई फोर्स गरेर सिलिङतिर धकेल्ने अनि पम्पिङ गरेर बाहिर पठाउने, कोठा वा हलमा ताजा हावा प्रवेश गर्ने धेरै मार्ग बनाउनु पर्दछ।
- जेष्ठ नागरिक, दीर्घबिरामी तथा इम्युनसम्बन्धी समस्या भएका व्यक्ति घरमै बस्ने तथा घरभित्र पनि अन्य परिवारजनसँग व्यक्तिगत दूरी कायम गर्नु पर्दछ।
- रोगप्रतिरोधात्मक क्षमता बढाउनका लागि ताजा तथा पोषिलो खाना, व्यायाम, पर्याप्त निद्रा, तनाव व्यवस्थापन, सकारात्मक सोंच तथा भिटामिन सी, जिंक, भिटामिन बी १२ देखि गुर्जो, अश्वगन्धा, अमला, कागती, तुलसी, दालचिनी, अदुवा, बेसार, मरिच, मह लगायतका सप्लिमेन्टको प्रयोग धेरै प्रभावकारी देखिएको छ।
- हामी नागरिकले कोरोना भाइरसबाट बच्नका लागि हरसम्भव उपाय अपनाउनु आवश्यक छ।
- सबै उमेर समूहका मानिस कोरोना संक्रमित हुन सक्छन्। तर ज्येष्ठ नागरिक र पहिले देखि नै दम, मधुमेह, मुटुको रोग जस्ता स्वास्थ्य समस्या भएका व्यक्तिहरूलाई भने यो भाइरसले गम्भीर बिरामी बनाउने जोखिम हुन्छ। विश्व स्वास्थ्य संगठनका अनुसार यस भाइरसबाट बच्नको लागि बेलाबेलामा साबुन पानीले मिचिमिचि हात धुने वा अल्कोहल भएको स्यानिटाइजरको प्रयोग गर्ने, श्वासप्रश्वाससम्बन्धी सरसफाईमा विशेष ध्यान दिने जस्तै खोक्दा, हाँच्छ्यु गर्दा नाक मुख छोप्नु पर्दछ।
- हामी सबैको सामुहिक प्रयासले जनजीवन सहज र महामारी नियन्त्रण गरौँ। खोप आएपछि महामारीको अन्त्य हुनेछ ।

# मन्त्री भट्टराईले जन्मदिनमा गरे एसिडपीडितलाई सहयोग



*झापा (प्रस)* । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का स्थायी कमिटी सदस्य एवं सस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री योगेश भट्टराई आफ्नो जन्मदिनको अवसरमा एसिडपीडित किशोरी मुस्कान खातुनलाई आर्थिक सहयोग गरेका छन् ।

गत भदौ २० गते घरवाट विद्यालय जाँदै गर्दा वीरगञ्जमा खातुनमाथि दुई युवाले एसिड प्रहार गरेका थिए । एसिड प्रहारवाट घाइते उनको अहिले पनि उपचार चलिरहेको छ । नौ कक्षामा अध्ययनरत खातुनलाई अध्ययन खर्चमा सहयोग पुगोस् भनेर मन्त्री भट्टराईले ५० हजार नगद प्रदान गरेका हुन् । सहयोग रकम प्रदान गर्दै मन्त्री भट्टराईले खातुनको आत्मविश्वासबाट आफू धेरै प्रभावित बनेको बताए । उनले भने-'मलाई विश्वास छ, तपाई भविष्यमा डाक्टर बन्नुहुनेछ । मैले अहिले दिएको सहयोग बैंकमा जम्मा गरेर भोलि डाक्टर पढ्ने बेलामा खर्च गर्नुहोला ।

' उनले एसिड पीडित खातुनसँग अप्ठेरो बेलामा मात्र नभएर सजिलो बेला पनि जिन्दगीभर सम्बन्ध रहिरहने बताए । पीडित किशोरीलाई प्रधानमन्त्री केपी शर्मा ओलीले पनि केही दिनअघि बालुवाटारमा बोलाएर उनको शिक्षाको सबै प्रबन्ध गरिने बचन दिएका थिए ।

जन्मदिनमा भोजभतेरमा गरिने खर्चले कुनै अर्थ नराख्ने भएकाले उक्त रकमलाई मन्त्री भट्टराईले सामाजिक र परोपकारी काममा प्रयोग गर्दै आएका छन् ।

०७२ सालदेखि मन्त्री भट्टराईले नियमितरुपमा आफ्नो जन्मदिनमा असहाय, पीडित, विपन्न बालबालिकालाई सहयोग गर्दै आएका छन् । ०७२ को महाभूकम्पमा बाबु गुमाएका काठमाडौं मनमैजुका बालक विराज अधिकारीलाई सहयोग गरेर यो खालको कामको शुरुवात गरेका मन्त्री भट्टराईले ०७३ सालको जन्मदिनमा बाबुआमाले लिएको ऋण तिर्न नसकेपछि गोठालो बेसका दोर्जी शेर्पालाई उद्धार गरी काठमाडौं ल्याएर पठनपाठनको व्यवस्था मिलाएका थिए ।

०७४ को जन्मदिनमा दुवै भल्भ फेर्नुपर्ने समस्याबाट पीडित मुटुरोगी ताप्लेजुङका मिलन शेर्पाको उपचारमा सहयोग गरेका थिए । ०७५ को जन्मदिनमा ताप्लेजुङका विपन्न दुई बालक गंगा विक र कमल विकलाई अध्ययन खर्चस्वरुप नगद सहयोग प्रदान गरेका थिए । गत वर्षको जन्मदिनमा मन्त्री भट्टराईले पढाइ लेखाईमा अप्ठेरोमा परेका दृष्टिविहिन आमाबुबाका सन्तान ताप्लेजुङका समीर राईलाई सहयोग गरेका थिए ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.
... तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था (पाँच जिल्ला कार्य क्षेत्र भएको)
केन्द्रीय कार्यालय, मुक्तिचोक, बिर्तामोड, झापा, नेपाल
फोन नं ०२३-५४३५६४, ५४३७१४, ५४४०१०, Email: info@edb.com.np | URL: www.edb.com.np

**शुल्क फिर्ता लिन आउने सम्बन्धी सूचना**

**प्रकाशित मिति : २०७७/०५/२२**

यस बैंकबाट बैकिङ्ग कारोवार गर्दै आउनु भएका सम्बन्धित ग्राहकहरुलाई IPs Outward कारोवारमा Standard Tariffs भन्दा वढी सेवा शुल्क रकम फिर्ता गर्नु पर्ने भएकोमा कतिपय ग्राहक महानुभावहरुको सम्बन्धमा निजहरुलाई शुल्क फिर्ता गर्न कठिनाई भएको हुदा उक्त शुल्क भुक्तानी लिन आउने प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ। अविलम्ब सम्बन्धित शाखामा सम्पर्क राखी आफुले लिनुपर्ने रकम फिर्ता लिनुहुन अनुरोध गर्दछौ।

प्रतिदिन
वर्गीकृत विज्ञापन

विवाह कार्ड
स्टाम्प साथै अन्य छपाई सम्बन्धी सम्पुर्ण काम गर्नु परेमा सम्झनुहोस्
न्यू के.के. प्रिन्टर्स
बिर्तामोड कृषिचोक बजार
९८५२६७९०२९, ९८०२६७९०२९
९८४२७८१०२९

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

INDESIGN BTM
Think Creative
ADVERTISEMENT DESIGN
LOGO | POSTER
BOOK | COVER | BROCHURE
BIRTAMOD | 9807909546

3D BOARD
-2D Board
-Flex Print
-Sticker
Decoration
बिचित्र डिजाईन
दमक-८, पलेटी रेष्टुरेन्टसँगै
९८६२१७८११४, ९८१०१७१६१६

हरि ओम (UPVC) उद्योग
आवास, होटल, अस्पताल र विद्यालयका लागि अति उपयुक्त (UPVC) का झ्याल, ढोका पार्टेशन, रुफिङ, फल्स सिलिङ, स्टिल, रेलिङ लगायत सम्पूर्ण कामका लागि सधैं सम्झनुहोस ।
बिर्तामोड-१, झापा
०२३-५४२४६१/९८४२६९८५१४

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
९८०६०५८२०८

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा |
|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१६०८८९५९ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे :<br>९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ |

## राशिफल

**मेष** : अवसर प्राप्त भए पनि परिस्थिति त्यति सहज नरहला ।
**वृष** : खर्च लागे पनि लगानी बढाउने अवसर प्राप्त हुनेछ ।
**मिथुन** : कमजोरीको फाइदा उठाउनेहरू निकै सक्रिय हुनेछन् ।
**कर्कट** : व्यस्तता बढ्नेछ भने शरीरमा कमजोरी अनुभूति हुनेछ ।
**सिंह** : घुमफिर तथा मनोरञ्जनमा समय बित्नेछ ।
**कन्या** : अवसरका साथै चुनौतीसमेत देखा पर्ने समय छ ।
**तुला** : बलजफ्ती गर्दा समस्या आउन सक्छ ।
**वृश्चिक** : अवसरका साथै चुनौतीसमेत देखा पर्ने समय छ ।
**धनु** : ईर्ष्या गर्नेहरूले नै काममा अवरोध पुर्याउन सक्छन् ।
**मकर** : पढाइलेखाइमा सोचेजस्तो प्रगति नहुन सक्छ ।
**कुम्भ** : आफन्तसँग भेटघाट हुनाले परिवेश उल्लासमय रहनेछ।
**मीन** : विश्वास गरेको व्यक्तिबाट नै धोका हुन सक्छ ।